(३) लिक्विडेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोगः कुनै सहकारी संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय र प्रदेश कानुनमा तोकए बमोजिम हुनेछ ।

## परिच्छेद -१६

## दर्ता गर्ने अधिकारी

६९. दर्ता गर्ने अधिकारीः(१)यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले सहकारी संस्थाको सम्पूर्ण कार्य सम्पादन गर्ने कार्यहरू गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७०. काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१७

## अनुगमन तथा निरीक्षण

७१. अनुगमन, निरीक्षण तथा अभिलेख जाँच गर्नेः(१) दर्ता गर्ने अधिकारीले सहकारी संस्थाको व्यवस्थापन तथा आर्थिक कारोवारको जुनसुकै बखत अनुगमन, निरिक्षण तथा तोकिएको ढाँचाको अभिलेख जाँच गर्न/गराउँन सक्नेछ ।

२) उपदफा (१) बमोजिम निरिक्षण वा हिसाव जाच गर्दा कुनै सहकारी संस्थाको काम कारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, [illegible]दण्ड वा कार्यविधि बमोजिम नभएको पाईएमा दर्ता गर्ने अधिकारीले सम्वन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सहकारी संस्थाको कर्तव्य हुनेछ ।

३) उपदफा (१) बमोजिम निरिक्षण वा हिसाव जाँच गर्दा दर्ता गर्ने अधिकारीले माग गरेको जानकारी सम्वन्धित सहकारी संस्थाले उपलव्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) को प्रयोजनको लागि दर्ता गर्ने अधिकारीले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आबश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(५) सहकारी संस्थाको अनुगमन तथा सुपरिवेक्षण गर्दा सम्बन्धित वडाका जनप्रतिनिधि, जिल्ला सहकारी संघ वा विषयगत जिल्ला संघको समेत सहभागितामा निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन गाउँपालिकामा दिनुपर्नेछ ।

७२. छानविन गर्न सक्ने :(१) कुनै सहकारी संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस

